# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ केन्द्रीय समिति सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists


मिति : २०७५।०४।०६

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ उदयपुर शाखाका सहसचिव विदुर कटुवाललाई समाचारको विषयलाई लिएर त्रियुगा नगरपालिकाका प्रमुख बलदेव चौधरीलगायतले धम्की दिएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । पत्रकार कटुवाललाई समाचार लेखेको निहुँमा प्रमुख चौधरीसहित उपप्रमुख देवीकुमारी चौधरी र प्रदेशसभा सदस्य सुनिता चौधरीले धम्की दिएका थिए ।

प्रकाशित समाचारप्रति चित्त नबुझे वा कुनै गुनासो रहे त्यसउपर कानुनी उपचार खोजिनुपर्नेमा जनप्रतिनिधिबाट भएको यस्तो कार्य प्रेस स्वतन्त्रताविरोधी काम हो । महासंघ यस्तो कार्यको घोर भर्त्सना गर्दछ । प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न र आगामी दिनमा यस्ता घटना नदोहोर्‍याउन महासंघ सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट
महासचिव


फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org